**तिलोत्तमा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या ९/०७६/०७७ (७४) मितिः २०७६।०८।०८ गते ।**

प्रस्तावहरु :

१. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** आयोजना छनौट सम्बन्धमा ।

२. शिक्षा समितिको निर्णय सम्वन्धमा ।

३. तराई मधेश समृद्धि कार्यक्रम सम्वन्धमा ।

४. सडक बोर्ड नेपालसँग साझेदारीमा कार्यान्वयन गरिने योजना छनौट सम्बन्धमा ।

५. सिटी कलेज (बहु बर्षिय योजना) टेण्डर आह्वान सम्बन्धमा ।

६. देहायका योजना तथा कार्यक्रमका लागि अपूग रकम व्यवस्थापन सम्बन्धमा ।

क) वास योजना तयारीका लागि रकम सम्बन्धमा ।

ख) कृषकहरुलाई गहुँको विउँ अनुदानका लागि अपूग रकम सम्बन्धमा ।

ग) गर्भवती महिलाहरुलाई निशुल्क क्याल्सियम वितरण सम्बन्धमा ।

७. शहरी स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा ।

८. **"तिलोत्तमा लगानी सम्मेलन-२०७६"** को रकम भुक्तानी सम्बन्धमा ।

९. **"तिलोत्तमा नगर खेलकुद विकास कार्यविधि, २०७६"** सम्बन्धमा ।

१०. शून्य पोलिथिन तिलोत्तमा नगर निर्माण गर्ने सम्बन्धमा ।

११. विविध ।

क) सवारी साधन भाडामा लिने सम्बन्धमा ।

ख) प्रथम चौमासिकको आय-व्यय विवरण सम्बन्धमा ।

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (संकेत नं. २०६०) सम्बन्धमा ।

घ) योजना सम्बन्धमा (वडा नं. १ र ५) ।

ङ) प्रदेश सरकार विशेष अनुदान तर्फका योजनाहरुको माग सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं.-१

- **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** अन्तर्गत आ. व. २०७६/०७७ मा यस नगरपालिका भित्र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गर्नको लागि **"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६"** अनुसार १७ वटै वडामा वडा समिति मार्फत मिति २०७६/०८/१८ गते सम्म आयोजनाहरू पहिचान गरी सिफारिस सहित रोजगार सेवा केन्द्रमा पठाउने निर्णय गरियो ।

निर्णय नं.-२

- तिलोत्तमा नगर शिक्षा समितिको मिति २०७६/०७/२० गतेको निर्णय माथि छलफल गरियो ।

क) आ.व २०७६।०७७ को नगरस्तरीय स्वीकृत वार्षिक कार्यक्रमको ब.शी.नं. २०१०.५ मा रहेको बालविकास शिक्षकलाई प्रोत्साहन भक्ता भन्ने शीर्षकमा विनियोजित रकम मध्येबाट रु. १०,१४,०००। बचत हुने देखिएको र २०१०.८ मा सामुदायिक विद्यालयमा रहेका छात्राहरुलाई सेनेटरी प्याड वितरण कार्यक्रममा विनियोजित रकम ७,००,०००। रहेकोमा सो शीर्षकमा संघीय कार्यक्रम अन्तर्गत बजेट विनियोजन भएकाले खर्च नभइ बचत हुन आउने जम्मा रकम १७,१४,०००। शैक्षिक क्षेत्रमा तपसिलका शीर्षकमा खर्च गर्ने गरी निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | IEMIS Training | २,००,००० | |
| २ | शिक्षक भलिबल प्रतियोगिता | ७५,००० | |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण | ३,२५,००० | |
| ४ | दिवा खाजा | ११,१४,००० | |

ख) नगर शिक्षा कोष स्थापना गर्नको लागि निर्माण समितिले तयार गरेको निम्नानुसारको **"नगर शिक्षा कोष स्थापना तथा संचालन कार्यविधि २०७६" पारित गरियो**

बालबालिकालाई गुणस्तरीय सिपमुलक शिक्षा प्रदान गर्नको लागि बालवालिका तथा शिक्षकसँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्नुपर्दछ । यस्ता शैक्षिक कार्यक्रम संचालन गर्नको लागि अन्य व्यवस्थापनसँगैं बजेट व्यवस्थापन पनि महत्वपूर्ण हुन्छ । विभिन्न शैक्षिक क्रियाकलाप संचालन गर्नको लागि आवश्यक पर्ने बजेटका स्रोतहरु विभिन्न हुन्छन् । नगर शिक्षा कोष स्थापना गरी विभिन्न स्रोतबाट प्राप्त आम्दानिलाई सोही कोषमा जम्मा गरी शिक्षा समितिको निर्णयबाट शैक्षिक क्षेत्रमा लगानी गर्दा उपयुक्तता र सान्दर्भिक हुने भएकोले निम्नानुसारका शीर्षकहरुमा निम्नानुसारको सहयोग शुल्क उठाउन शिक्षा समितिमा प्रस्ताव पेश गर्ने ।

| क.सं | शीर्षक | रकम | |
|---|---|---|---|
| १ | विद्यालय तह अनुमति | सामुदायिक | संस्थागत |
| | क) आधारभूत तह (कक्षा १ देखि ८) | २,००० | १०,००० |
| | ख) माध्यमिक तह (कक्षा ९ देखि १२) | ४,००० | १५,००० |
| २ | कक्षा थप अनुमति | | |
| | क) आधारभुत तह (कक्षा १ देखि ८) | १,००० | ६,००० |
| ३ | ख) माध्यमिक तह (कक्षा ९ देखि १२ ) | २,००० | १०,००० |
| ४ | शिक्षक सरुवा सहमति | आन्तरिक | अन्तर जिल्ला |
| | (१) आधारभुत तह (कक्षा १ देखि ८) | ५०० | १००० |

| | | | |
|---|---|---|---|
| | (२) माध्यमिक तह (कक्षा ९ देखि १२) | १००० | २००० |
| ५ | अभिलेख प्रमाणित (प्रतिलिपि समेत) | विद्यार्थी | शिक्षक |
| | | १०० | ५०० |
| ६ | करार शिक्षक नियुक्ति/ अनुमति सिफारिस | आधारभुत | माध्यमिक |
| | | १००० | २००० |
| ७ | विद्यालय नाम/स्थान परिवर्तन | आधारभुत | माध्यमिक |
| | | २०,००० (संस्थागत) | २५,०००(संस्थागत) |

उपर्युक्त शीर्षकहरुबाट प्राप्त भएको रकमलाई आवश्यकता र उपयुक्तताको आधारमा शिक्षा समितिबाट निर्णय गराई निम्नानुसारका शीर्षकमा खर्च गर्न प्रस्ताव गर्ने ।

१) शैक्षिक भ्रमण, तालिम, गोष्ठि संचालन, शैक्षिक बैठक संचालन, अतिरिक्त क्रियाकलाप संचालन, विभिन्न दिवस/समारोह सम्पन्न आदि ।

२) शिक्षक, विद्यार्थी तथा अभिभावकलाई सम्मान, पुरस्कार तथा छात्रवृत्ति व्यवस्थापन र सहयोग ।

३) विपदमा परेका बालबालिकाको उद्धार, पुनस्थापर्ना, तथा पारिवारीक पुर्नमिलन ।

४) शिक्षक/ कर्मचारी कल्याण कोष स्थापना ।

माथि उल्लेखित शिर्षक बाहेक निम्नानुसाारका क्षेत्रबाट प्राप्त हुने आम्दानिलाई समेत शिक्षा समिति कोषमा जम्मा गर्न प्रस्ताव पेश गर्ने ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान ।

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान ।

ग) स्थानीय सरकारबाट प्राप्त अनुदान ।

घ) अन्य संघ/संस्थाबाट प्राप्त अनुदान ।

**निर्णय नं.-३**

- आ.व. ०७६/०७७ का लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तराई मधेश समृद्धि कार्यक्रम आयोजनाबाट वडा नं.-३, सिमानगर वस्ति विकास शीर्षकमा रु.५०,००,००।- (अक्षेरुपी: पचास लाख) बजेट विनियोजन भएकोमा उक्त रकमबाट विनियोजित बजेट सिमानगरमा ढल निकासको लागि नाली निर्माण कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.-४**

- चालू आ.व. ०७६/०७७ का लागि नगर विकास योजनाको सडक बोर्ड अन्तर्गतको सडक बोर्ड नेपाल साझेदारी कार्यक्रम योजनामा मिति २०७६/०७/०८ गतेको बैठकको निर्णयानुसार वडा नं. ९, ७ हुँदै १० जाने मंगलापुर कान्छिबजार सडकका लागि रु.२८ लाख रकम सडक मर्मत सम्भारका लागि छुट्याइएकोमा उक्त सडकको लागि वर्ल्ड बैंकको कार्यक्रमबाट योजना परेको र छिट्टै संचालन हुने भन्ने बुझिएकोले सडक बोर्डको योजनालाई यथावत राखी उक्त रु. २८ लाख रकमबाट वडा नं.-१७ को लौसी खोला-कानपारा सडकका लागि कार्यान्वय गर्ने निर्णय गरियो ।

माधव प्रसाद शर्मा

निर्णय नं.-५

- चालू आ.व. ०७६/०७७ का लागि प्रदेश समपूरक कोषतर्फको विनियोजित रकम रु. २ करोड र यस नगरपालिकाबाट रु.२ करोड गरी कूल जम्मा ४ करोड विनियोजन भएको छ । उक्त कलेज भवन निर्माणका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनमा रु.५ करोड १७ लाख ५ हजार २ सय ३५ रुपैया रहेको हुँदा नपुग हुने रकम आगामी आ.व.को बजेटबाट भुक्तानी गर्ने गरी बहुवर्षीय योजनाको रुपमा टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं.-६ (क)

- सरसफाइलाई सभ्यताको प्रतिकको रुपमा मनन गर्दै नगरवासी प्रत्येकको घरधुरीमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा सचेतनाको प्रवर्द्धन गर्न प्रदेश सरकार र नगरपालिकाको सहकार्यमा खानेपानी सरसफाई तथा स्वस्च्छता योजना कार्यान्वयन गर्नका लागि नगरस्तरीय वास योजना तयार गर्ने शिलशिलामा स्थलगत रुपमा सबै वडा तथा वस्तीहरुमा तथ्याङ्क संकलन गर्ने कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क संकलकहरु सात दिने सूचना प्रकाशन गरी छोटो सूची अनुसार छनौट गर्ने र उक्त वास योजना तयारीका लागि चालू आ.व.को फोहोरमैला तथा ढल व्यवस्थापन संकेत नं. ४०४० (२) फोहोरमैला व्यवस्थापन शीर्षकबाट हाललाई १० लाख खर्च लेख्ने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं.-६ (ख)

- कृषि उत्पादनमा आत्मनिर्भर बन्न तथा कृषकहरुलाई प्रोत्साहित गर्न आर्थिक वर्ष २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम र बजेटको परिधीभित्र रही वडाको सिफारिसमा गत वर्ष जस्तै यस आर्थिक वर्षमा समेत गहुँको विउँमा ४० प्रतिशत अनुदान दिने निर्णय भए अनुसार अनुदानका लागि छुट्टाइएको रु.२५ लाख रकमबाट माग पूर्ति गर्न नसकिएकोले थप रकमका लागि चालू आ.व.को (१०१०) को कृषि तर्फको संकेत नं. (१४) खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाबाट पुरै रकम र बाँकी संकेत नं. (१३) मकै विउँ अनुदान शीर्षकबाट थप गरी अनुदानको व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं.-६ (ग)

- महिलाहरुको प्रजनन् स्वास्थ्य तथा बालबालिकाको स्वास्थ्य सम्बन्धी अधिकारको संरक्षण गरी मानिसको स्वास्थ्य सम्बन्धी नैसर्गिक अधिकारको प्रवर्धनका लागि यस नगर क्षेत्रका गर्भवती महिलाहरुलाई स्वास्थ्य शाखाको समन्वयमा स्वास्थ्य चौकीबाट निशुल्क क्यालिसयम वितरणको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-७

- स्थानीय तहमा आधारभूत शहरी स्वास्थ्य केन्द्र निर्माणका लागि स्वास्थ्य मन्त्रालयबाट विनियोजित बजेट अनुसार नगरपालिका अन्तर्गतका वडा नं. १, ३, ७, ११ र १५ का

लागि बजेट विनियोजन भएकोमा वडा नं.-७, ११ र १५ को आफ्नै भवन भएकोले उक्त वडाको सट्टामा ९, ४ र १२ मा हुने गरी र १ र ३ वडा यथावत राखी जम्मा ५ वटा वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तिलोत्तमा नगर
नगर कार्यपालिकाको
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

निर्णय नं.-८

- **तिलोत्तमा लगानी सम्मेलन-२०७६"** सम्पन्न गर्दा हाल सम्म रु. ११५७६२६८।६८ को खर्चको विवरण भएको । त्यसै गरी कार्यक्रम सम्पन्न गराउन विभिन्न व्यवसायीक प्रतिष्ठानहरुबाट प्रायोजन वापत रु.६८४७६६६।- को प्रतिवद्धता आएकोमा हाल सम्म रु.५७४७६६६ रकम प्राप्त भइसकेको विवरण समेत पेश हुन आएको छ ।

  यस सम्बन्धमा प्रायोजकबाट प्राप्त हुन बाँकी रु.११०००००।- रकम यथासिघ्र प्राप्त गरी भुक्तानी दिन र भुक्तानी दिन बाँकीको विवरण र सोका लागि अपुग हुने बजेटका सम्बन्धमा अन्तिम हिसाब गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न सम्मेलन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.-९

- तिलोत्तमा नगरपालिकाको **"तिलोत्तमा नगर खेलकुद विकास कार्यविधि, २०७६"** माथि छलफल गरी स्वीकृत गरियो ।

निर्णय नं.-१०

- Greenery Nepal को अभियान र Seem Nepal संस्थासँगको सहकार्यमा **"ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा"** भन्ने नारालाई सार्थकता दिन, जुटौं सारा गाउँ र शहर, शुन्य पोलिथिन तिलोत्तमा नगर भन्ने संकल्पका साथ आगामी माघ मसान्त भित्र यस नगरपालिकालाई शुन्य पोलिथिन नगर बनाई जैविक विविधता तथा वातावरणीय पर्यावरणको संरक्षण र सम्वर्द्धन गरी सम्पूर्ण प्राणीको रक्षाका लागि विभिन्न चरणमा सरसफाईसँग सम्वद्ध विभिन्न कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं.-११ विविध (क)

- तिलोत्तमा नगरपालिका कार्यालयको विकास निर्माण तथा सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्नुका साथै राजश्व आम्दानीमा वृद्धि गर्नका लागि दैनिक अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिन हाल कार्यालयमा सवारी साधन कम भएको कारण उक्त कार्यमा कठिनाई भएको हुदाँ न्यूनतम भाडादरमा सवारी साधन भाडामा लिई इन्धनको व्यवस्था कार्यालयबाटै व्यवस्थापन गर्ने निर्णय गरियो ।

माधव प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-११ विविध (ख)

- चालू आ.व. २०७६/०७७ को देहाय बमोजिम प्रथम चौमासिक आय व्ययको विवरणको जानकारी पाइयो । साथै, चालु आ.व. का स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन तथा लक्ष्य अनुसारको स्थानीय राजश्व प्राप्ति एवं समग्र बजेट खर्चको लागि सम्बन्धित सबै थप सक्रिय भएर लाग्नु पर्ने निर्णय गरियो ।

| स्रोतको प्रकार | स्रोत | अनुमानित आय | वास्तविक आम्दानी | प्रथम चौमासिक खर्च | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
| आन्तरिक | अल्या | १०,०००,०००.०० | १ ५०,३६९,०७६.१८ | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक | आन्तरिक स्रोत | ४३७,३५०,०००.०० | ६२०५३७९७.५१ | २०८३१८५७.४० | ३०४०७१०८.०० | ५१२३८९६५.४० |
| आन्तरिक | मालपोत र वन रोयल्टी | ६३,९२०,११५.०० | १,४५३,५७६.०० | ०.०० | ०.०० | ०.०० |
| जि.स.स | श्रोत उपयोग बाट प्राप्त बाँडफाँड | ६५,१२५,८८५.०० | - | ०.०० | १८४३४२.०० | १८४३४२.०० |
| संघीय सरकार | समानीकरण अनुदान | २३२,५००,०००.०० | ५८,१२५,०००.०० | ११९६५०७८.६४ | १०१०७४९३.३० | २२०७२५७१.९४ |
| संघीय सरकार | शसर्त अनुदान | २८१,९००,०००.०० | ९३,८००,०००.०० | ८१४११३८६.४० | ०.०० | ८१४११३८६.४० |
| संघीय सरकार | विशेष अनुदान | १०,५५०,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | समपुरक अनुदान | ४०,६२४,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | सडक बोर्ड नेपाल | ५,०००,०००.०० | | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | राजश्व बाँडफाँड | १५६,०००,०००.०० | २०,६०४,३०३.८० | २४०५५०.०० | २३२३२३८.९० | २५६३७८८.९० |
| प्रदेश सरकार | शसर्त अनुदान | ११,०००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | समानीकरण अनुदान | ५,७४०,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | समपुरक अनुदान | २०,०००,०००.०० | | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | विशेष अनुदान | ५,२००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | राजश्व बाँडफाँड | ५,०००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | सामाजिक सुरक्षा | १५४,०००,०००.०० | ५५,०००,०००.०० | ५५००००००.०० | ०.०० | ५५००००००.०० |
| संघीय सरकार | स्थानीय पूर्वाधार साझेदारी विकास का. | २५,०००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | पर्यटन पूर्वाधार | ५,०००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | प्रधानमन्त्री रोजगार कार्यक्रम | - | - | ०.०० | ०.०० | ०.०० |
| संघीय सरकार | तराई मधेश समृद्धी | १ ०,०००,०००.०० | - | ०.०० | ०.०० | ०.०० |
| जम्मा | | १,५४३,९१०,०००.०० | ४९१४०५७५३.४९ | १६९४४८८७२.४४ | ४३०२२१८२.२० | २१२४७१०५४.६४ |



माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे

निर्णय नं.-११ विविध (ग)

- लैङ्गिक हिसां विरुद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियानलाई लक्षित गरी यस नगरपालिकाबाट सबै वडा तथा टोल विकास संस्थाहरुलाई समेट्ने गरी वडास्तरीय सचेतना कार्यक्रम (कानूनी परामर्श सहित) आयोजना गर्ने निर्णय गरियो ।साथै, यस कार्यक्रमलाई फलदायी बनाउन शिक्षा युवा तथा खेलकुद शाखाबाट नगरक्षेत्रका शैक्षिक संस्थाहरु र स्वास्थ्य शाखाबाट स्वास्थ्यसँग सम्बन्धित संस्थाहरुलाई पत्राचार गरी आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउन आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं.-११ विविध (घ)

- वडा नं.-१ को बस्नेत मार्ग सडक कालोपत्रेका लागि आकस्मिक पूर्वाधारबाट उक्त वडाको बजेट सिलिङ्गभित्र रही दुई लाख रुपैया भुक्तानी दिने निर्णय गरियो ।
- वडा नं.-५ को आ.व. ०७६/०७७ मा ३०१० घ (५) लाई ३०१० को ख शीर्षकमा परिवर्तन गरी सडक मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं.-११ विविध (ङ)

- प्रदेश नं.५ विशेष अनुदान तर्फका देहाय बमोजिमका योजनाहरुको लागि बजेट माग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्थान |
|---|---|---|
| १ | सखिया थारु होमस्टे सामुदायिक भवन निर्माण | तिलोत्तमा नगरपालिका, वडा नं.-१३ |
| २ | पशु सेवा केन्द्र पूर्वाधार निर्माण | तिलोत्तमा नगरपालिका, वडा नं.-२ र १५ |
| ३ | दुर्गा वैदिक वेदवेदाङ्ग संस्कृत विद्यापिठ | तिलोत्तमा नगरपालिका, वडा नं.-१४ |

वासुदेव घिमिरे
नगर प्रमुख